“मीठे बच्चे– देहीअभिमानी बनेर सेवा गर्यौं भने हर कदममा सफलता मिलिरहन्छ।”

प्रश्नः– कुन स्मृतिमा रह्यौ भने देह अभिमान आउँदैन?

उत्तरः– सदा स्मृति रहोस्– हामी ईश्वरीय सेवाधारी हौं। सेवाधारीलाई कहिल्यै पनि देह अभिमान आउन सक्दैन। जति जति योगमा रहन्छौ, त्यति देह अभिमान छुट्दै जान्छ।

प्रश्नः– देह अभिमानीहरूलाई ड्रामा अनुसार कुनचाहिँ दण्ड मिल्छ?

उत्तरः– तिनको बुद्धिमा यो ज्ञान बस्दै बस्दैन। धनी व्यक्तिमा धनको कारण देह अभिमान हुन्छ। त्यसैले यस ज्ञानलाई बुझ्न सक्दैनन्, उनीहरूलाई यस्तो पनि दण्ड मिल्छ। गरिबले सजिलै बुझ्छन्।

ओम् शान्ति। रूहानी बाबाले ब्रह्माद्वारा राय दिइरहनु भएको छ। बाबालाई याद गर्यौं भने यो बन्छौ। सतोप्रधान बनेर आफ्नो स्वर्गिय राज्यमा प्रवेश गर्छौ। यो केवल तिमीलाई मात्र भनिँदैन, यो आवाज सारा भारतखण्ड त के बेलायतमा पनि सबैको पासमा जान्छ । धेरैलाई साक्षात्कार पनि हुन्छ। कसको साक्षात्कार हुनुपर्छ? त्यो पनि बुद्धिले काम लिनुपर्छ। बाबाले ब्रह्माद्वारा नै साक्षात्कार गराएर भन्नुहुन्छ– राजकुमार बन्नु छ भने आऊ ब्रह्मा वा ब्राह्मणहरूको पासमा। युरोपवासीले पनि यसलाई बुझ्न चाहन्छन्। भारतखण्ड स्वर्ग थियो, त्यतिबेला कसको राज्य थियो? यो कसैले पनि पूरा जानेका छैनन्। यहाँ नै स्वर्ग थियो। अहिले तिमीले सबैलाई सम्झाइरहेका छौ। यो सहज राजयोग हो, जसबाट सृष्टि स्वर्ग अथवा हेविन बन्छ। बेलायतीहरूको फेरि पनि बुद्धि राम्रो छ। तिनले तुरुन्तै बुझ्छन्। अब सेवाधारी बच्चाहरूले के गर्नुपर्छ? तिनलाई नै डाइरेक्सन दिनु पर्ने हुन्छ। बच्चाहरूले प्राचीन राजयोग सिकाउनु पर्छ। तिम्रो पासमा म्युजियम, प्रदर्शनी आदिमा धेरै आउँछन्। मन्तव्य लेख्छन्, यिनले धेरै राम्रो कार्य गरिरहेका छन्। तर स्वयंले भने बुझ्दैनन्। थोरथोर अनुभूति हुन्छ, तापनि आउँछन् फेरि पनि गरिबले आफ्नो भाग्य राम्रो बनाउँछन् र बुझ्ने पुरुषार्थ गर्नेछन्। धनवानहरूलाई त पुरुषार्थ गर्नु छैन। देह अभिमान धेरै हुन्छ नि। ड्रामा अनुसार, मानौं बाबाले दण्ड दिनुभएको हो। फेरि पनि उनीहरूद्वारा आवाज फैलाउनु पर्ने हुन्छ। बेलायतीले त यो ज्ञान चाहन्छन्। सुनेर धेरै खुसी हुन्छन्। सरकारी अफिसरहरूको लागि यो ज्ञान दिने कति मेहनत गर्छौ, तर तिनलाई फुर्सद नै हुँदैन। तिनलाई घरैमा साक्षात्कार भए पनि बुद्धिमा आउँदैन। त्यसैले बच्चाहरूलाई बाबाले राय दिनुहुन्छ– मन्तव्यहरूको राम्रो सङ्कलन गरेर त्यसको एउटा राम्रो किताब बनाऊ। तिनलाई राय दिन सक्छौ– हेर्नुहोस्, सबैलाई यो कति राम्रो लाग्छ। बेलायती वा भारतवर्षले पनि सहज राजयोग चाहन्छन्। स्वर्गका देवी-देवताहरूको रजाइँ जुन सहज राजयोगबाट भारतवर्षलाई मिल्छ, त्यसैले किन यो म्युजियम गभर्मेन्ट हाउस भित्र नबनाउने? जहाँ सम्मेलन आदि भइरहन्छन्। यो ख्याल बच्चाहरूलाई चल्नुपर्छ। अझै समय लाग्छ। यति चाँडै नरम बुद्धि हुँदैनन्। बुद्धिमा गोदरेजको ताला लागेको छ। अहिले नै आवाज फैलियो भने त क्रान्ति हुन्छ। हो, अवश्य हुनु छ। भन, गभर्मेन्ट हाउसमा पनि म्युजियम भयो भने विदेशीहरू आएर देख्छन्। विजय त बच्चाहरूको अवश्य हुनु छ। त्यसैले ख्याल चल्नुपर्छ। देहीअभिमानीलाई नै यस्तो यस्तो ख्याल आउँछ– के गर्दा विचराहरूलाई थाहा हुन्छ र बाबासँग वर्सा लिन सक्छन्। हामीले लेख्छौं पनि, विना खर्च....। जो राम्रा राम्रा बच्चाहरू आउँछन्, उनले राय दिन्छन्। उप-प्रधानमन्त्रीले उद्घाटन गर्न आए भने फेरि प्रधानमन्त्री, राष्ट्रपति पनि आउने छन् किनकि उनीहरूलाई पनि गएर बताउँछन्– यो ज्ञान त अद्भुत छ। सच्चा शान्ति त यसरी स्थापना हुनु छ। कुरा जँच्छ (ठीक लाग्छ)। जँच्ने गरेर सम्झाउनु पर्छ। आज ठीक नलागे पनि भोलि ठिक लाग्छ। बाबा भनिरहनुहुन्छ– ठुला-बडा व्यक्तिहरूको पासमा जाऊ। पछि गएर तिनले पनि बुझ्छन्। मानिसहरूको बुद्धि तमोप्रधान छ, त्यसैले उल्टो काम गरिरहन्छन्। दिनप्रतिदिन अझै तमोप्रधान बन्दै जान्छन्।

तिमीले सम्झाउने कोसिस गर्छौ, यो विकारी धन्दा बन्द गर्नुपर्छ, आफ्नो उन्नति गर्नुपर्छ। बाबा आउनु भएको छ– पवित्र देवता बनाउन। आखिर त्यो दिन पनि आउने छ, गभर्मेन्ट हाउसमा म्युजियम हुन्छ। भन, खर्च त हामीले आफ्नो गर्छौं। सरकारले कहिल्यै पैसा दिने छैन। तिमी बच्चाहरूले भन्छौ– हामीले आफ्नै खर्चले हरेक गभर्मेन्ट हाउसमा यो म्युजियम बनाउन सक्छौं। एउटा आध्यात्मिक म्युजियम ठुलो गभर्मेन्ट हाउसमा हुनुपर्छ, फेरि सबैमा हुन्छ। सम्झाउनेहरू पनि अवश्य हुनुपर्छ। तिनलाई भन्नुपर्छ– समय निश्चित गर्नुहोस्, कोहीं आएर मार्ग

बताउनु हुन्छ। विना खर्च जीवन बनाउने मार्ग बताउने छन्। यो पछि गएर हुन्छ। तर बाबाले बच्चाहरूद्वारा नै बताउनु हुन्छ। राम्रा राम्रा बच्चाहरू जसले आफूलाई महावीर सम्झन्छन्– तिनलाई नै मायाले पक्रिन्छ। लक्ष्य धेरै उच्च छ। धेरै सावधानी राख्नु छ। बक्सिङ्ग कम छैन। यो ठुलो भन्दा ठुलो बक्सिङ्ग हो। रावणलाई जित्ने युद्धको मैदान हो। अलिकति पनि देहको अभिमान नआओस्, "मैले यस्तो सेवा गरेँ, यो गरेँ..."। हामी त ईश्वरीय सेवाधारी हौं। हामीले सन्देश दिनु नै छ, यसमा गुप्त मेहनत धेरै छ। तिमीले ज्ञान र योगबलद्वारा आफूलाई सम्झाउँछौ। यसमा गुप्त रहेर विचार सागर मन्थन गरेमा नसा चढ्छ। यसरी प्यारले सम्झाउने छौ, बेहदका बाबाको वर्सा प्रत्येक कल्पमा सबैलाई मिल्छ। ५ हजार वर्ष पहिला यी लक्ष्मी-नारायणको राज्य थियो। अहिले त भनिन्छ वेश्यालय। सत्ययुग हो शिवालय। त्यो हो शिवबाबाको स्थापना, यो हो रावणको स्थापना। रात-दिनको फरक छ। बच्चाहरूले फील गर्छन्, वास्तवमा हामी के बनेर गएका थियौं। बाबाले आफू समान बनाउनु हुन्छ। मूल कुरा देहीअभिमानी बन्नु छ। देहीअभिमानी बनेर विचार गर्नु पर्ने हुन्छ, आज हामी गएर फलानो प्रधानमन्त्रीलाई सम्झाउनु छ। उनलाई दृष्टि दियौ भने साक्षात्कार हुन सक्छ। तिमीले दृष्टि दिन सक्छौ। यदि देहीअभिमानी भएर रह्यौ भने तिम्रो ब्याट्री भरिँदै जान्छ। देहीअभिमानी भएर बस, आफूलाई आत्मा सम्झेर बाबासँग योग लगाएमा ब्याट्री भरिन सक्छ। गरिबले तुरुन्तै आफ्नो ब्याट्री भर्न सक्छन् किनकि बाबालाई धेरै याद गर्छन्। ज्ञान त राम्रै छ, तर योग कम छ भने ब्याट्री भरिन सक्दैन किनकि धेरै देहको अहङ्कार हुन्छ। योग कत्ति पनि हुँदैन। त्यसैले ज्ञान वाणमा धार भरिँदैन। तरबारमा पनि धार हुन्छ। त्यही तरबार १० रूपैयाँको पनि हुन्छ, त्यही तरबार ५० रूपैयाको पनि हुन्छ। गुरु गोविन्द सिँहको तरबारको गायन छ, यसमा हिँसाको कुरा छैन। देवताहरू हुन्छन् डबल अहिँसक। आज दुनियाँ यस्तो छ, भोलि यस्तो बन्छ। त्यसैले बच्चाहरूलाई कति खुसी हुनुपर्छ। हिजो हामी रावण राज्यमा थियौं, त्यसैले नाकमा दम थियो। आज हामी परमपिता परमात्माको साथमा रहेका छौं।

अब तिमी ईश्वरीय परिवारका हौ। सत्ययुगमा तिमी हुन्छौ दैवी परिवारका। अब स्वयं भगवानले हामीलाई पढाइरहनु भएको छ, हामीलाई भगवानको कति प्यार मिल्छ । आधाकल्प रावणको प्यार मिलेपछि बाँदर बन्न पुग्यौ। अब बेहदका बाबाको प्यार मिल्नाले तिमी देवता बन्छौ। ५ हजार वर्षको कुरा हो। उनीहरूले लाखौं वर्ष भनिदिएका छन्। यी (ब्रह्मा) पनि मानौं तिम्रा पुजारी थिए। सबैभन्दा लास्ट नम्बर कल्पवृक्षमा खडा छन्। सत्ययुगमा तिमीसँग कति अथाह धन थियो। फेरि जुन मन्दिर बनाए, त्यसमा पनि यति अथाह धन थियो, जसलाई आएर लुटे। मन्दिर त अरू पनि होलान्। प्रजाका पनि मन्दिर होलान्। प्रजा त अझै धनी हुन्छन्। प्रजासँग राजाहरूले ऋण लिन्छन्। यो धेरै फोहोरी दुनियाँ हो। सबैभन्दा फोहोरी (विकारी) स्थान हो कलकत्ता। यसलाई परिवर्तन गर्ने मेहनत तिमी बच्चाहरूले गर्नु छ। जसले गर्नेछ, उसले पाउने छ। देह अभिमान आयो कि गिर्यो। मनमनाभवको अर्थ बुझ्दैनन्। केवल श्लोक कण्ठ गर्छन्। ज्ञान त तिमी ब्राह्मणहरू सिवाय उनीहरूमा हुन सक्दैन। कुनै मठ-पन्थवाला देवता बन्न सक्दैन। प्रजापिता ब्रह्माकुमार-कुमारीहरू ब्राह्मण नबनी देवता कसरी बन्न सक्छन्। जो कल्प पहिला बनेका छन्, उनै बन्छन्। समय लाग्छ। वृक्ष बढेपछि त फेरि फैलिँदै जान्छ। कमिलाको गतिबाट बढेर तीव्रगतिको सेवा (चींटी मार्गबाट विहंग मार्ग) हुन्छ। बाबा सम्झाउनु हुन्छ– मीठे बच्चे– बाबालाई याद गर, स्वदर्शन चक्र घुमाऊ। तिम्रो बुद्धिमा सारा ८४ जन्मको चक्र छ। तिमी ब्राह्मणहरू नै फेरि देवता र क्षत्रिय घरानाका बन्छौ। सूर्यवंशी-चन्द्रवंशीको अर्थ पनि कसैले बुझ्दैनन्। मेहनत गरेर सम्झाइन्छ। तैपनि बुझ्दैनन् भने सम्झनुपर्छ, अझै समय आइपुगेको छैन। फेरि पनि आउँछन्। सम्झन्छन्– ब्रह्माकुमारीहरूको बाहिर नाम यस्तो छ। भित्र आएर हेर्छन्, अनि भन्छन्– यिनले धेरै राम्रो काम गरिरहेका छन्। यिनीहरूले त मनुष्य मात्रको चरित्र सुधार्छन्। देवताहरूको चरित्र हेर कस्तो छ। सम्पूर्ण निर्विकारी....। बाबा भन्नुहुन्छ– काम महाशत्रु हो। यी ५ भूतहरूको कारण नै तिम्रो चरित्र बिग्रेको हो। जुन समयमा सम्झाउनु हुन्छ, त्यस समयमा राम्रो बन्छन्। बाहिर गएपछि सबैथोक बिर्सिन्छन्। त्यसैले भनिन्छ– सौ-सौ करे शृङ्गार...। यो बाबाले कुनै गाली गर्नुहुन्न, सम्झाउनु हुन्छ। दैवी चालचलन बनाऊ, क्रोधमा आएर किन भुक्छौ! स्वर्गमा क्रोध हुँदैन। बाबाले सामुन्ने जे भनेर सम्झाए पनि कहिल्यै क्रोध आउँदैनथ्यो। बाबाले रिफाइन गरेर सम्झाउनु हुन्छ। ड्रामा काइदा अनुसार चलिरहन्छ। ड्रामामा कुनै भुल हुँदैन। ड्रामा अनादि अविनाशी बनेको छ। जुन कार्य राम्रो हुन्छ, फेरि ५ हजार वर्षपछि त्यही हुन्छ। कसैले भन्छन्– यो पहाड भत्किएपछि फेरि कसरी बन्छ? हेर, नाटकमा महल भत्कियो, फेरि नाटक दोहोरिन्छ भने त्यही बनेको महल देख्छौ। यो हुबहु दोहोरिइरहन्छ। बुझ्नको लागि पनि दिमाग चाहिन्छ। कसैको बुद्धिमा बस्न धेरै मुस्किल हुन्छ। विश्वको ईतिहास-भूगोल हो नि। रामराज्यमा यी देवी-देवताहरूको राज्य थियो, उनीहरूको पूजा हुन्थ्यो। बाबाले सम्झाउनु भएको छ– तिमी नै पूज्य अनि तिमी

नै पुजारी बन्छौ। ‘हम सो’ को अर्थ पनि बच्चाहरूलाई सम्झाइएको छ। हम सो देवता, हम सो क्षत्रिय.... बाजोली हो नि। यसलाई राम्रोसँग बुझ्ने र बुझाउने कोसिस गर्नु छ। बाबा यस्तो भन्नुहुन्न, धन्दा छोड। पर्दैन। केवल सतोप्रधान बन्नु छ, इतिहास-भूगोलको रहस्य बुझेर बुझाऊ। मूल कुरा हो मनमनाभव। आफूलाई आत्मा सम्झेर बाबालाई याद गर, तब सतोप्रधान बन्छौ। यादको यात्रा हो नम्बरवन। बाबा भन्नुहुन्छ– म सबै बच्चाहरूलाई साथै लिएर जान्छु। सत्ययुगमा कति थोरै मानिस हुन्छन्। कलियुगमा यति धेरै मानिसहरू छन्। कसले सबैलाई फर्काएर लिएर जानुहुन्छ। यो सारा जङ्गलको सफाइ कसले गर्‍यो? बागवान, खिवैया बाबालाई नै भन्ने गर्छन्। उहाँले नै दु:खबाट छुटाएर त्यस पार लैजानुहुन्छ। पढाइ कति मीठो लाग्छ किनकि नलेज इज सोर्स अफ इनकम। तिमीलाई अथाह (कारूनको) खजाना मिल्छ। भक्तिमा केही पनि मिल्दैन। यहाँ पाउमा पर्ने कुरा छैन। उनीहरू त गुरुको अगाडि सुत्छन्, यसबाट बाबाले छुटाउनु हुन्छ। यस्ता बाबालाई याद गर्नुपर्छ। उहाँ हाम्रा बाबा हुनुहुन्छ, यो त बुझ्यौ नि? बाबासँग वर्सा अवश्य मिल्छ। त्यो खुसी हुन्छ। लेख्छन्– हामी धनवानहरूको पासमा गयौं भने लाग्थ्यो किनकि हामी गरिब हौं। बाबा भन्नुहुन्छ– गरिब हौ भने झन् राम्रो। धनवान भएको भए यहाँ आउँदैनथ्यौ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) सदा यस खुसी वा नसामा रहनु छ– अहिले हामी ईश्वरीय परिवारका हौं, स्वयं भगवानले हामीलाई पढाइरहनु भएको छ। उहाँको प्यार हामीलाई मिलिरहेको छ, जुन प्यारबाट हामी देवता बन्छौं।

२) यस बनिबनाऊ ड्रामालाई यथार्थ रूपमा बुझ्नु छ, यसमा कुनै भुल हुन सक्दैन। जुन कर्म भयो, फेरि दोहोरिन्छ। यस कुरालाई राम्रोसँग दिमागले बुझेर चल्यौ भने कहिल्यै क्रोध आउँदैन।

वरदान:– तुफानलाई तोहफा (गिफ्ट) मानेर सहज क्रस गर्ने सम्पूर्ण एवं सम्पन्न भव

जब सबैको लक्ष्य सम्पूर्ण र सम्पन्न बन्ने हो भने स-साना कुरामा नडराऊ। मूर्ति बनिरहेका छौ, त्यसैले हथौडाको केही चोट त लाग्छ नै। जो जति अगाडि हुन्छ उसले तुफानलाई पनि धेरै क्रस गर्नु पर्ने हुन्छ। तर त्यो तुफान उसलाई तुफान लाग्दैन, तोहफा (गिफ्ट) लाग्छ। त्यो तुफान पनि अनुभवी बन्ने गिफ्ट बन्छ। त्यसैले विघ्नहरूलाई स्वागत गरेर अनुभवी बन्दै, अगाडि बढ्दै जाऊ।

स्लोगनः– अलबेलापनलाई समाप्त गर्नको लागि स्व-चिन्तनमा रहेर स्व को जाँच (चेकिङ्ग) गर।